नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा

☎ ०७५ ५२०१२३, ५२०१२४, ५२०१२५

च.नं.
प.स. २०८१/०८२

Email: daopalpa@gmail.com
Website: http://daopalpa.moha.gov.np
Facebook Page : www.facebook.com/dao.palpa.184

# जिल्ला प्रशासन कार्यालय पाल्पाको अनुरोध

सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन,२०६८ को दफा ११ बमोजिम १८ वर्ष उमेर नपुगेको व्यक्तिलाई र गर्भवती महिलालाई र शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र,वृद्धाआश्रम,अनाथालयको कम्तिमा १००(एक सय) मिटर भित्रको घर पसलबाट सुर्तीजन्य पदार्थ विक्री वितरण गर्न वा निःशुल्क उपलब्ध गराउन नपाईने कानुनी व्यबस्था छ ।साथै उमेर नपुगेको नाबालक/नाबालिक व्यक्तिले मदिराजन्य पदार्थ सेवन,लागु पदार्थ सेवन गर्न, विक्री वितरण गर्न र ओसार पसार गर्न नपाउने गरी निषेध गरिएको छ ।विद्यालय पढ्ने उमेरका वालवालिका (छात्र छात्रा) कुलतमा लागी स्वास्थ्य,धनमा हुने नोक्सानी एवं पारिवारिक सम्बन्धमा खलल हुन नपाओस,अध्ययनमा समस्या नआओस र अपराधिक गतिविधिमा संलग्न नहोउन र सभ्य सुसंस्कृत समाज निर्माण गर्न सकियोस् भनी यस किसिमको कानुनी व्यबस्था गरिएको हो । यस जिल्लाका कतिपय स्थान,पसलहरुमा यस्तो कानुनी व्यवस्था उल्लंघन भएको भनी सूचना तथा जानकारी र उजुरी प्राप्त भएकोले कानुनले निषेध गरेका यस्ता कार्यमा कोही संलग्न नहुनु हुन र व्यापारी,व्यवसायी र पसलेहरुले उक्त दुरी र लक्षित उमेरका व्यक्तिलाई सुर्तीजन्य र मदिराजन्य तथा लागु औषधजन्य पदार्थ विक्री वितरण नगर्न/नगराउनुहुन यो सूचना प्रकाशन गरिएको छ । यो कानुनी व्यबस्था उल्लंघन भए नभएको विषयमा सुरक्षा निकाय र अन्य माध्यमबाट समेत सुक्ष्म निगरानी एवं अनुगमन गरिनेछ ।यदि कसैले कानुनी व्यबस्था विपरित कार्य गरेको पाईएमा कानुन बमोजिम कारवाही हुने व्यहोरा समेत यसै सूचनाद्धारा समस्त पाल्पा जिल्लावासीहरुमा अनुरोध छ ।

०८२/४/२२

..............................
ऋषिराम सुवेदी
सहायक प्रमुख जिल्ला अधिकारी